# मार्मा गाउँपालिका आर्थिक ऐन,२०७९

मार्मा गाउँपालिका गाउँसभाबाट पारित मितिः २०७९/०३/१०

मार्मा गाउँपालिका

लटिनाथ,दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

# मार्मा गाउँपालिका आर्थिक ऐन २०७९

**मार्मा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** मार्मा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मार्मा गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ श्रावण १ गतेदेखि मार्मा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । (एकिकृत सम्पति कर लगाएको अवस्थामा भुमीकर नलाग्ने)

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. विक्रि तथा निकासि शुल्कः गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ती वा आफ्नो रेख देखमा रहेको सार्वजनिक स्थलबाट**

**उत्पादन हुने ढुङ्गा ,गिट्टि, बालुवा ,माटो, काठ दाउरा, जजराजुरी, स्लेट, खरीढुङ्गा आदि प्रकृतिको एवं खानीजन्य वस्तुहरुको**

**विक्रि गर्न सक्ने । स्थानीय तहले आफ्नो क्षेत्र भित्र उत्पादन भै आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुङ्गा , गिट्टी,**

**बालुवा, माटो , काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्रकारका एवं खानीजन्य वस्तुको बाहृय निकासी गरेवाफत**

**अनुसुचि (५ ) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।**

७. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका

जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (६) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (8) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

**अनुसूचि १**

**(दफा २ संग सम्बन्धित )**

**सम्पत्ती कर**

| सि.नं. | घर कर | वर्गिकरण | दर | पुस्ट्याइ | कैफियत |
|---|---|---|---|---|---|
| १ | कच्ची घर | जस्तापाताको भित्ता र छाना भएको एक तले घरको प्रति बर्ष | २५ | | |
| | | स्लेट (पल्टा) ले छाएको एकतले घरको प्रति बर्ष | ३० | | |
| | | स्लेट (पल्टा) ले छाएको दुई तले घरको प्रति बर्ष | ५० | | |
| | | स्लेट (पल्टा) ले छाएको तीन तले घरको प्रति बर्ष | ७५ | | |
| | | स्लेट (पल्टा) ले छाएको तीन तले भन्दा माथि | १०० | | |
| २ | पक्की घर | पक्की घर आर सि सि वाला प्रति कोठा | ४० | | |
| जम्मा | | | | | |

**अनुसूचि २**

**(दफा ३ संग सम्बन्धित )**

## भुमि कर (मालपोत)

| सि.नं. | वर्गिकरण | दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | चाहार, भीर पाखो, , उब्जनी धेरै कम हुने , खर फागलो प्रति रोपनी | ५ रोपनी सम्म रु १० र थप प्रती रोपनी रु ५ | १५ रोपनी जग्गा भएमा ५ रोपनी सम्मको रु १० र थप १० रोपनीको १०×५ = ५० गरी जम्मा रु ६० मालपोत कर हुनेछ । | एक आ.व.भित्र बुझाएमा तोकिए बमोजिम हुनेछ । एक बर्ष भित्र २० प्रतिशत जरिवाना थप हुनेछ । २ बर्ष भित्र ३० प्रतिशत जरिवना थप हुनेछ । तीन वा सो भन्दा बढी बर्ष भएमा ५० प्रतिशत थप जरिवना हुनेछ । |
| २ | १ नं. र ३ नं. बुँदाको बाहेक अन्य क्षेत्रको व्यापारीका आवासी , खेतियोग्य जमीनको | ५ रोपनी सम्म रु २० र थप प्रती रोपनी रु ७ | १५ रोपनी जग्गा भएमा ५ रोपनी सम्मको रु २० र थप १० रोपनीको १०×७ = ७० गरी जम्मा रु ८० मालपोत कर हुनेछ । | |
| ३ | बिटुले देखि पारीबगरसम्म सडक मार्ग आसपास ५०० मिटर सम्म भएका व्यापारीक प्रयोजनमा आउने ठाउँ, आवासीय क्षेत्र , खेतको | ५ रोपनी सम्म रु ३० र थप प्रती रोपनी रु १० | १५ रोपनी जग्गा भएमा ५ रोपनी सम्मको रु ३० र थप १० रोपनीको १०×१० = १००गरी जम्मा रु १३० मालपोत कर हुनेछ । | |

**अनुसूचि ३**

**(दफा ४ संग सम्बन्धित )**

**<u>घर जग्गा बहाल कर</u>**

यस गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्तिले घर , पसल, ग्यारेज , गोदाम , टहरा, सेड (छप्पर) , कारखाना, जग्गा वा पोखरी, गाडी , मेसनरी औजार , डोजर लगायतका निर्माण साधनहरु भाडामा लगाएमा सम्पती धनि (करदाता) ले स्वयम घोसणा गरेको वा सम्झौता पत्रमा उल्लेख भएको रकममा १० प्रतिशत बहालकर लाग्नेछ ।

**अनुसूचि ४**

**(दफा ५ संग सम्बन्धित )**

**<u>व्यवसाय कर</u>**

| सि.न. | व्यवसाय, सेवा, उद्योगको वर्गिकरण | व्यवसाय, सेवा, उद्योगको वर्गिकरण | दर रु मा | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| १ | इजाजत प्राप्त मदिरा पसल नविकरण (सिफारिस र व्यवसाय कर दुबै समावेश गरिएको ) | वितरक | १२,००० | | |
| | | थोक | १०,००० | | |
| | | खुद्रा | ७,००० | | |
| २ | नयाँ मदिरा पसल इजाजतको लागि(सिफारिस र व्यवसाय कर दुबै समावेश गरिएको ) | वितरक | १७,००० | | |
| | | थोक | १४,००० | | |
| | | खुद्रा | १२,००० | | |
| ३ | स्टेशनरी तथा पुस्तक पसल | वितरक | २,००० | | |
| | | थोक | १,५०० | | |
| | | खुद्रा | १,००० | | |
| ४ | इलेक्ट्रोनिक पसल – मोबाइल, घडी , केबल, डिस होम, अडियो , भिडियो _ आदि | वितरक | ३,५०० | | |
| | | थोक | २,५०० | | |
| | | खुद्रा | २,००० | | |
| ५ | हार्डवेयर , मेसिनरी | थोक | ६,००० | | |
| | | खुद्रा | ३,५०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ६ | दैनिक उपभोगका खाद्य पदार्थ बेच्ने किराना पसल | थोक | २,००० | | |
| | | खुद्रा | ५०० | | |
| ७ | होटेल व्वसाय | खाना,नास्ता-खाजा पसल तथा आवास | २,००० | | |
| | | खाना , नास्ता– खाजा पसल | १,००० | | |
| | | चिया र नास्ता पसल | ५०० | | |
| ८ | व्यवसायिक कपडा सिलाइ कटाइ पसल | बजारमा व्यवसायिक गरिरहेका बाट मात्र कर लिने तर परम्परागत रुपमा बालीघरे गरिरहेका बाट कर नलिने | ५०० | | |
| ९ | भाडा वर्तन पसल - स्टील, प्लाष्टिक आल्मोनियम लगायतका सबै प्रकारका _ | | १,५०० | | |
| १० | पेन्टर तथा साइन बोर्ड लेख्नेको | | १,५०० | | |
| ११ | घट्ट कर सार्वजनिकलाइ मात्र | | ५०० | सार्वजनिक घट्ट भन्नाले व्यक्तिले भाग उठाएर नाफा कमाउने घट्टलाइ बुझिनेछ | |
| १२ | डेरी उद्योग तथा व्यवसाय | | ५०० | | |
| १३ | सञ्चार | एफ.एम प्रसारण | २,५०० | | |
| | | केवल, च्यानल प्रसारण | २,५०० | | |
| | | पत्र पत्रिका प्रकाशन सेवा | १,२०० | | |
| | | फोटोकपी , पिसिओ, साइबर तथा क्याफे | १,५०० | | |
| | | कुरियर सेवा | १,२०० | | |
| | | कलर ल्याब फोटो स्टुडियो | १,२०० | | |
| १४ | व्युटी पार्लर तथा सैलुन | | ५०० | | |
| १५ | छापाखाना | | ५०० | | |
| १६ | वित्तीय सेवा | वाणिज्य बैङ्क प्रतिशाखा , केन्द्रिय कार्यालय | ५,००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | विकास बैङ्क प्रतिशाखा, केन्द्रिय कार्यालय | ५,००० | | |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ५,००० | | |
| | | बचत तथा ऋण सहकारी संस्था | १,५०० | | |
| | | मनी ट्रान्सफर | १,५०० | | |
| | | विमा कम्पनी | ३,५०० | | |
| | | लघु वित्त सेवा | २,००० | | |
| १७ | औषधि पसल | आयुर्वेदिक पसल | ५०० | | |
| | | सामान्य औषधि पसल | १,५०० | | |
| | | ल्याव , एक्सरे सहितको ठूलो औषधि पसलको | ३,५०० | | |
| १८ | सुनचाँदी पसल | | २,००० | | |
| १९ | मासु पसल | | १५०० | | |
| २० | पोल्ट्री फर्म | | २,००० | | |
| २१ | निजी विद्यालय, ट्युशन, कम्प्युटर सेन्टर | | २,००० | | |
| २२ | गा.पा. भित्रका निर्माण व्यवसायिहरु ( घ वर्गको इजाजत प्राप्त ) | नयाँ इजाजत लिन | १२,००० | | |
| | | असोज मसान्त भित्र नविकरण गरेमा | ३,५०० | | चैत्र मसान्त सम्म पनि इजाजत पत्र नविकरण नगरेमा |
| | | असोज देखि चैत्र मसान्त भित्र नविकरण गरेमा | ८,००० | नविकरण गर्न कर चुक्ता प्रमाण पत्र , निर्माण व्यवसायिको सिफारिस | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अनिवार्य | इजाजत पत्र खारिज गरिने |
| २३ | गा.पा. भित्र कार्यालय स्थापना भएका निर्माण व्यवसायिहरु | क वर्गको इजाजत प्राप्त | ११,००० | | |
| | | ख वर्गको इजाजत प्राप्त | ९,००० | | |
| | | ग वर्गको इजाजत प्राप्त | ६,००० | | |
| २४ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | ३,००० | | |
| | | अन्तराष्ट्रिय | ६,००० | | |
| २५ | रेटलिङ व्यवसाय –घुमन्ते व्यापारी जस्तै राडीपाखी , भाँडा वर्तन इत्यादि विक्री गर्ने | प्रत्येक पटक एक महिना अवधिको लागि पास लिने | ४०० | मासिक | |
| २६ | क्रसर उद्योग | | २५,००० | | |
| २७ | कुटानी ,पिसानी मील | | १,५०० | | |
| २८ | बाँस निगालाको सामग्री विक्री वितरण प्रति पिस | सूप्पा,डोका,डालो, नाङलो (कारोबार गर्ने ठेकेदारबाट) | ० | | |
| | | मट्टो | २० | | |
| | | सुप्पो | ५ | | |

**अनुसूचीः ५**

**(दफा ६ संग सम्बन्धित )**

**विक्रि तथा निकासि शुल्क**

| सि.न. | वस्तुहरु | वर्गिकरण | दर रु मा | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| **१** | स्लेट विक्रि प्रति पिस | | ५ | | |
| **२** | मार्मा गा.पा.क्षेत्र भित्र रहेका चौलानी नदी,नौगाड खोला, घट्टेगाड, रीलपहिरो अन्य नदिनाला | मिनि ट्रक/ट्याक्टर प्रति | २०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | लगायत आफ्नो स्वामित्वमा रहेको सम्पती वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा , गिट्टी, बालुवा वाफत | ट्रिप | | | |
| | | ट्रक प्रति ट्रिप | ३५० | | |
| | | टिप्पर प्रति ट्रिप | ५०० | | |
| | | खुद्रा प्रति कट्टा | ५ | | |

**अनुसूचि ६**

**(दफा ६ संग सम्बन्धित )**

**जडिबुटी, कवाडी र जीवजन्तु कर**

| सि.नं. | जडिबुटी, कवाडी र जीवजन्तु कर | दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| 1 | गाई, भैसी , राँगो | प्रति गोटा ३०० | | गा.पा. बाहिर निकासी गर्दा व्यापारीबाट असुल गर्ने |
| २ | भेडा , बाख्रा ,बोका आदि | प्रति गोटा ५० | | |
| | कुखुरा | प्रति गोटा रु ५ | | आयात गर्दा व्यापारीबाट लिने |
| ३ | कवाडी | प्रति के.जी.रु १ | | |

**अनुसूचि ७**

**(दफा ८ संग सम्बन्धित)**

**सवारी साधन कर**

नोटः सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउने भएकाले तथा टाँगा, रिक्सा,अटो रिक्सा र विद्युतीय रिक्सा यस गाउँपालिकामा नभएकाले उक्त शिर्षकमा कर निर्धारण गरिएको छैन ।

**अनुसूचि ८**

**(दफा ९ संग सम्बन्धित )**

**विज्ञापन कर**

| सि.नं. | वर्गिकरण | बार्षिक दररेट | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | डिजिटल डिस्प्ले | प्रति वर्ग फुट १०० | | |
| २ | पर्खाल भित्ता आदिमा लेखिएको भित्तेलेखन | प्रति वर्ग फुट ५० | | |
| ३ | पर्खाल भित्ता , पोल र सार्वजनिक स्थल आदिमा पर्चा टाँस गरेको प्रति A 4 Size paper | प्रति पिस १ | | |
| ४ | गाडीमा टाँस गरिएको व्यानर | प्रति वर्ग फुट १०० | | |
| ५ | आकासमा टाँस गरिने - व्यानर | प्रति वर्ग फुट १०० | | |
| ६ | होडिङ बोर्ड, साइन बोर्ड | प्रति वर्ग फुट २०० | | |

**अनुसूचि ९**

**(दफा १० संग सम्बन्धित )**

**मनोरन्जन कर**

| सि.न. | विवरण | वर्गीकरण | दर रेट | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेला महोत्सव | प्रति दिन , प्रति पसल/प्रति स्टल | १०० | | |
| २ | मेला महोत्सव जादु , सर्कस, चटक लगायत मनोरन्जनका कार्यक्रम संचालकबाट | प्रति दिन , प्रति पसल/स्टल | ३०० | | |

**अनुसूचि १०**

**(दफा ११ संग सम्बन्धित )**

**बहाल विरौटी शुल्क**

| सि न | बहाल विरौटी शुल्क | बर्गिकरण | दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| 1 | गाउँपालिका, वडा कार्यालय, बिषयगत शाखाहरुको हल भाडा प्रति दिन | कार्यालयको प्रोजेक्टर प्रयोग नगरेमा | ५०० | | गा.पा., वडा कार्यालय, बिषयगत शाखाहरुले संचालन गरेका कार्यक्रमहरुमा हल भाडा नलाग्ने तर गा.पा. संग साझेदारी र समन्वय गरी कार्यक्रम गर्ने गाउँपालिका बाहिरका कार्यालय, संघ संस्थाहरु, लाइ हल भाडा लाग्नेछ । |
| | | कार्यालयको प्रोजेक्टर प्रयोग गरेमा | १,००० | | |

**अनुसूचि ११**

**(दफा १२ संग सम्बन्धित )**

**पार्किङ शुल्क**

| सि.न. | सवारी साधनको नाम | दर रेट प्रति दिन | अनुमानित संख्या | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाइक | ५ | ० | | |
| २ | कार | १० | ० | | |
| ३ | बस/ट्रक | १० | ० | | |
| ४ | ट्याक्टर | १५ | ० | | |
| ५ | अन्य ह्याभी साधन | १५ | ० | | |
| **जम्मा** | | | **०** | | |

**अनुसूचि १२**

**(दफा १३ संग सम्बन्धित )**

**<u>ट्रेकिङ्ग र र्याफ्टिङ्ग कर</u>**

| **सि.न.** | **ट्रेकिङ्ग र र्याफ्टिङ्ग कर** | **दर** | **पुष्ट्याई** | **कैफियत** |
|---|---|---|---|---|
| 1 | ट्रेकिङ्ग / **र्याफ्टिङ्ग** व्यवसाय सञ्चालन गरे वाफत कर | ३,००० | | |
| **जम्मा** | | | | |

**अनुसूचि १३**

**(दफा १४ संग सम्बन्धित )**

**<u>सेवाशुल्क, दस्तुर</u>**

| **सि. नं.** | **सेवा शुल्क, दस्तुर, दर्ता, दर्ता शुल्क, दण्ड जरिवाना,** | **वर्गिकरण** | **दर** | **पुष्ट्याई** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता - पञ्जिकरण ३५ दिन भित्र निःशुल्क, ३५ दिन पछि | जन्म दर्ता | २०० | राष्ट्रिय परिचय पत्र तथा पन्जीकरण नियमावली २०७७ को नेपाल राजपत्र अनुसार | |
| | | मृत्यु दर्ता | २०० | | |
| | | बसाइसराइ | २०० | | |
| | | सम्बन्ध बिच्छेद दर्ता | २०० | | |
| | | विवाह दर्ता | २०० | | |
| | | व्यक्तीगत घटना दर्ता सबैको प्रतिलिपि वाफत | ५०० | | |
| २ | नयाँ व्यवसाय दर्ता शुल्क - | १ लाख सम्मको | २५० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | गाउँपालिका तथा वडा कार्यालयमा | १ लाख देखि ५ लाख सम्मको | ३५० | | |
| | | ५ लाख देखि १० लाख सम्मको | ५५० | | |
| | | १०लाख देखि १५ लाख सम्मको | ६५० | | |
| | | १५ लाख देखि २० लाख सम्मको | ७५० | | |
| | | २०लाख देखि ५० लाख सम्मको | ९५० | | |
| | | ५० लाख देखि माथिको | १२५० | | |
| ३ | व्यवसाय नविकरण – गाउँपालिका तथा वडा कार्यालयमा | १ लाख सम्मको | ५० | | |
| | | १ लाख देखि ५ लाख सम्मको | २०० | | |
| | | ५ लाख देखि १० लाख सम्मको | २५० | | |
| | | १० लाख देखि १५ लाख सम्मको | ३५० | | |
| | | १५ लाख देखि २० लाख सम्मको | ३५० | | |
| | | २० लाख देखि ५० लाख सम्मको | ४५० | | |
| | | ५० लाख देखि माथिको | ६५० | | |
| ४ | व्यवसाय दर्ता सिफारिस - अन्य निकायलाइ गाउँपालिकाबाट दिनु परेमा – | मदिरा बाहेकका अन्य व्यवसायको लागि | ५०० | | |
| ५ | न्यायिक समितिमा उजुरी दर्ता तथा मुद्धा दस्तुर | घरेलु हिंसा , महिला, वालवालिका, अपाङ्ग , जेष्ट नागरिकको लागि निःशुल्क | २५० | | |
| ६ | घर जग्गा नाम सारी सिफारिस | ५ रोपनी सम्मको | १०० | | |
| | | ५ देखि १० रोपनी सम्मको | १५० | | |
| | | १० देखि २० रोपनी सम्मको | २०० | | |
| | | २० देखि ५० रोपनी सम्मको | ३०० | | |
| | | ५० रोपनी भन्दा माथिको | ५०० | | |
| | **उदाहरणः ठीक १० रोपनी छ भने रु २०० लाग्ने ।** | | | | |
| ७ | मोही लगत कट्टा सिफारिस | १ रोपनी सम्मको | १०० | | |
| | | १ रोपनी भन्दा माथि | २०० | | |
| ८ | घर कायम सिफारिस | पक्की घर - प्रती वर्ग फिट_ | २ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कच्ची घर - प्रती वर्ग फिट_ | १ | | |
| ९ | घर सम्पन्न सिफारिस/प्रमाणित | पक्की घर | १००० | | |
| | | कच्ची घर | ५०० | | |
| १० | घर नक्सा पास सिफारिस | बिटुले देखि पारीबगरसम्म सडक मार्ग आसपास १५० मिटर सम्म दाँया बाँया भएका व्यापारीक प्रयोजनमा आउने घर र आवासीय घर | प्रति वर्गफिट को रु ५ | | |
| | | बिटुले देखि पारीबगरसम्म सडक मार्ग आसपास १५० मिटर भन्दा बाहिरका र गा.पा.को अन्य क्षेत्रका घरहरु | प्रति वर्ग फिटको रु २ | | |
| ११ | विद्युत जडान सिफारिस | | १५० | | |
| १२ | छात्रवृति सिफारिस | | १०० | | |
| १३ | विपन्न ,असहाय विद्यर्थी छात्रवृति सिफारिस | | निशुल्क | | |
| १४ | अपाङ्गता सिफारिस | | निशुल्क | | |
| १५ | आन्तरिक बसाइ सराइ सिफारिस | | १०० | | |
| १६ | अस्थाइ बसाइसारइ सिफारिस | | १०० | | |
| १७ | स्थायी बसाइसराइ व्यवस्थापन | | १०० | | |
| १८ | नागरिकता सिफारिस –प्रतिलिपि पनि_ | वंसज | १०० | | |
| | | अंगिकृत | ५०० | | |
| १९ | आर्थिक अवस्था वा सम्पन्नता प्रमाणित | | ५०० | | |
| २० | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निःशुल्क | | |
| २१ | विद्युत जडान सिफारिस | व्यक्तिगत | १०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संस्थागत | ५०० | | |
| २२ | धारा जडान सिफारिस | व्यक्तिगत | १०० | | |
| | | संस्थागत | ५०० | | |
| **२३** | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्ममिति संसोधन सिफारिस | | १०० | | |
| २४ | जग्गा मुल्याङ्कन सिफारिस/प्रमाणित | | रु १०० मा रु १का दरले | | |
| २५ | व्यवसाय बन्द सिफारिस | | १०० | | |
| २६ | व्यवसाय सञ्चालन नभएको सिफारिस | | १०० | | |
| २७ | व्यापार व्यवसाय नभएको सिफारिस | | १०० | | |
| २८ | कोर्ट फि मिनाहा सिफारिस | | निशुल्क | | |
| २९ | नावालक परिचय पत्र सिफारिस | | ५० | असहाय,विपन्न,नावालक सिफारिस निःशुल्क | |
| ३० | चौपाय सम्बन्धी सिफारिस | | ५० | | |
| ३१ | स्थानीय तह भित्र उद्योग/व्यपार व्यवसाय ठाउँसारी जाने भए सम्बन्धी वडा कार्यालयको अनुमतिपत्रको सिफारिस –जुन वडामा सरेर आउने हो त्यस वडा कार्यालयकले दिने_ | | १०० | | |
| ३२ | उद्योग व्यापार व्यवसाय ठाउँसारी सिफारिस ( जुन वडाबाट सरेर जाने हो त्यस वडा कार्यालयले दिने ) | | १०० | | |
| ३३ | विद्यालय ठाउँसारी सिफारिस | | ५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | विद्यालय सञ्चालन स्वीकृती/कक्षा बृद्धि तथा थप बिषय सिफारिस | सामुदायिक | २०० | | |
| | | निजी - बोर्डिङ_ | २,००० | | |
| ३५ | विद्यालय लगायत सरकारी संघ संस्थामा स्थायी , अस्थायी , करार ,ज्यालादारी शिक्षक कर्मचारी नियुक्ति सिफारिस | | २०० | | |
| ३६ | व्यक्तिगत विवरण सिफारिस/नविकरण/वायोडाटा प्रमाणित। | | १०० | | |
| ३७ | जग्गा दर्ता सिफारिस | | २०० | | |
| ३८ | संरक्षक सिफारिस | व्यक्तिगत | 0 | निःशुल्क | |
| | | संस्थागत | २०० | | |
| ३९ | नेपाल सरकारको नाममा बाटो सिफारिस | | २०० | | |
| ४० | जिवितसंगको नाता प्रमाणित | | १०० | | |
| ४१ | मृतक संगको नाता प्रमाणित | | ५० | | |
| ४२ | कोठा खोल्न /रहोभर कार्य सिफारिस | | १०० | | |
| ४३ | स्वास्थ्य उपचार सिफारिस | निशुल्क उपचारको लागि | निशुल्क | | |
| | | सशुल्क उपचारका लागि | १०० | | |
| ४४ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | | १०० | | |
| ४५ | सुचिकृत शुल्क | गा.पा. भित्र कार्यक्षेत्र भएका समूह ,क्लब, संघ संस्था (गैर नाफामुलक), सहकारी संस्था सूचिकृत गर्न | २०० | | |
| | | विभिन्न नाफामुलक संघ संस्था , व्यवसाय, फर्म सूचिकृत गर्न | ५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ४६ | सम्पत्ति घर जग्गा मुल्याङ्कन | | कूल मुल्याङ्कित रकम अंकको 0.05 प्रतिशतले हुन आउने रकम | | |
| ४७ | घर बाटो प्रमाणित | बाटो भएको | २५० | | |
| | | बाटो नभएको | १५० | | |
| ४८ | चार किल्ला प्रमाणित | प्रति कित्ताको | १५० | | |
| ४९ | जन्म मिति प्रमाणित | | १०० | | |
| ५० | विवाह प्रमाणित | | १०० | | |
| ५१ | घर पाताल प्रमाणित | | १५० | | |
| ५२ | कागज /मन्जुरीनामा प्रमाणित | | १५० | | |
| ५३ | हकवाला वा हकदार प्रमाणित | | १५० | | |
| ५४ | अविवाहित प्रमाणित | | १०० | | |
| ५५ | अपुताली प्रमाणित | | २०० | | |
| ५६ | जग्गा रेखाङ्कन कार्य/सो कार्यमा रोहबर | | १०० | | |
| ५७ | जग्गाधनी पुर्जा हराएको सिफारिस | | १०० | | |
| ५८ | पुर्जामा घर कायम गर्ने सिफारिस | | १०० | | |
| ५९ | अंग्रेजी सिफारिस तथा प्रमाणित | | २०० | | |
| ६० | मिलापत्र कागज /उजुरी दर्ता | | १०० | | |
| ६१ | तीन पुस्ते प्रमाणित/सिफारिस | | १०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६२ | जीवित रहेको सिफारिस | | १०० | | |
| ६३ | सर्जिमिन सिफारिस | | १०० | | |
| ६४ | संस्थागत सिफारिस | | ५०० | | |
| ६५ | कृषि, पशु, आमा, महिला, सहकारी लगायत अन्य समूह तथा क्लब दर्ता तथा सिफारिस | | २५० | | |
| ६६ | बैङ्क तथा वित्तिय सिफारिस | | ८०० | | |
| ६७ | उपभोक्ता समितिसंग योजना सम्झौता सिफारिस | योजनाको लागत १ लाख वा सो भन्दा कम भएमा | १०० | | |
| | | योजनाको लागत १ लाख भन्दा बढी ५ लाख भन्दा कम भएमा | २०० | | |
| | | योजनाको लागत ५ लाख भन्दा बढी १० लाख भन्दा कम भएमा | २५० | | |
| | | योजनाको लागत १० लाख भन्दा बढी १५ लाख भन्दा कम भएमा | ३०० | | |
| | | योजनाको लागत १५ लाख भन्दा बढी २० लाख भन्दा कम भएमा | ३५० | | |
| | | योजनाको लागत २० लाख भन्दा बढी ५० लाख भन्दा कम भएमा | ७०० | | |
| | | योजनाको लागत ५० लाख भन्दा बढी १ करोड भन्दा कम भएमा | १५०० | | |
| ६८ | योजना समपन्न - कार्य समपन्न _ सिफारिस | योजनाको लागत १ लाख वा सो भन्दा कम भएमा | १०० | | |
| | | योजनाको लागत १ लाख | २०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भन्दा बढी ५ लाख भन्दा कम भएमा | | | |
| | | योजनाको लागत ५ लाख भन्दा बढी १० लाख भन्दा कम भएमा | २५० | | |
| | | योजनाको लागत १० लाख भन्दा बढी १५ लाख भन्दा कम भएमा | ३०० | | |
| | | योजनाको लागत १५ लाख भन्दा बढी २० लाख भन्दा कम भएमा | ३५० | | |
| | | योजनाको लागत २० लाख भन्दा बढी ५० लाख भन्दा कम भएमा | ७०० | | |
| | | योजनाको लागत ५० लाख भन्दा बढी १ करोड भन्दा कम भएमा | १५०० | | |
| ६९ | विदेशकालागि सिफारिस -अध्यन लगायत अन्य _ | सार्क मुलुक भित्र | ५०० | | |
| | | सार्क मुलुक बाहिर | १५०० | | |
| ७० | यस गाउँपालिकाबाट कर , दस्तुर , महशुल आदि बुझाएको भनि लिएको प्रमाणपत्रहरु हराएमा प्रतिलिपि प्रमाणपत्र लिन | | १०० | | |
| ७१ | उल्लेखित बाहेकका अन्य कुनै पनि सिफारिस तथा प्रमाणित गर्नु पर्ने भएमा | | २०० | | |
| ७२ | सार्वजनिक स्थलमा धुम्रपान गरेमा | | २०० | | |
| ७३ | सार्वजनिक स्थलमा जुवातास खेलेमा | सर्वसाधारण व्यक्ति | ५०० | | |
| | | सार्वजनिक पद धारण गरेको व्यक्ति | १५०० | | |
| ७४ | खुला दिशापिसाब गरेमा | सर्वसाधारण व्यक्ति | १०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सार्वजनिक पद धारण गरेको व्यक्ति | ५०० | | |
| ७५ | मदिरा सेवन गरि होहल्ला गरेमा, अर्कालाइ गाली गलौँच गरेमा , झैझगडा गरेमा, समाजमा हिंसाजन्य कार्य गरेमा | | यस्तो कार्य गरेवाफत पहिलो पटकको लागि सम्बन्धित व्यक्ति लाइ रु २५०० र सो कार्य दोहोर्याउ दै गरेमा थप १० प्रतिशत का दरले प्रत्येक पटकको लागि दण्ड जरिवाना बढ्दै जाने छ । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७६ | अवैध मदिरा विक्रिवितरण गरेमा , निर्धारित समय -दिउँसो ४ देखि बेलुका ९ बजे सम्म _ भन्दा अन्य समयमा मदिरा विक्रि वितरण , सार्वजनिक स्थल, कार्यालय, मठ मन्दिरको २०० मिटर आसपासमा मदिरा विक्रिवितरण गरेमा, १८ बर्ष मुनिकाले १८ मुनिकालाइ विक्रिवितरण गरेमा लगायत अन्य प्रचलित ऐन कानुन विपरित गरेमा | | यस्तो कार्य गरेवाफत पहिलो पटकको लागि सम्बन्धित मदिरा व्यवसायीलाइ रु ५००० र सो कार्य दोहोर्याउदै गरेमा थप १० प्रतिशतका दरले प्रत्येक पटकको लागि दण्ड जरिवाना बढ्दै जाने | | |

**अनुसूचि १४**

**(दफा १५ संग सम्बन्धित )**

**<u>अन्य शुल्क</u>**

| सि.नं. | अन्य शुल्क | दर | अनुमानित संख्या | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| १ | भवन अभिलेखिकरण | १५०० | | | |
| २ | जलस्रोत प्रमाण पत्र | ५०० | | | |
| ३ | जलस्रोत प्रमाण पत्र नविकरण २५० | | | असोज मसान्त सम्म तोकिए बमोजिम चैत्र मसान्त भित्र गरेमा रु ५०० | |
| ४ | घरको अभिलेखिकरण प्रति तला प्रतिवर्गफिट | १० | | | |
| ५ | रिठा,तेजपत्ती,पातहरु तथा अन्य कानुनले बन्देज नगरेका जडीबुटी निकासी वाफत | प्रति किलोग्रमा रु १ का दरले | | | |

**अनुसूचि १५**

**(दफा १६ संग सम्बन्धित )**

**<u>पर्यटन शुल्क</u>**

| सि.नं. | पर्यटन शुल्क | दर | अनुमानित संख्या | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश कानुन बमोजिम हुनेछ । | ० | ० | | |